निर्णयः १

खाडो नदी व्यवस्थापन आयोजना कार्यालय राजबिराजबाट खाडो नदी व्यवस्थापनको सम्बन्धमा विपद् व्यवस्थापन र आपतकालीन प्रवन्ध मिलाउन बोरा, डोरी, जाली आदी सामान खरिद गर्न मिति २०७८।०३।२१ मा रकम प्राप्त भएको र उक्त कार्य गर्न समय अभाव भएको र विपद् व्यवस्थापन गर्न आपत्कालीन प्रवन्ध गर्नु पर्ने भएकोले निर्देशन पाउन जिल्ला विपद् व्यवस्थापन समिति समक्ष मिति २०७८।०३।२२ गते लेखि पठाएको । खाडो,जीता, त्रियुगा नदी एवं अन्य नदीबाट जिल्लामा कटान, डुवान लगायतका विपद्का समस्या भईरहेको र तत्काल संरक्षण कार्य नगरे नदीले कटान गरी जनधनको क्षति पुर्याउन सक्ने उच्च संभावना रहेकोले आएको रकमबाट समान्य खरिद प्रक्रिया पुरा गर्न समयको अभाव भएकोले सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ को विषेश अवस्थामा गर्न सकिने खरिद सम्बन्धि प्रावधान तथा सिंचाई विभागको आपत्कालिन कार्ययोजना २०७३ बमोजिमको प्रक्रिया अबलम्बन गरी यथासंभव प्रतिस्प्रधा गराई उल्लेखित गुणस्तरीय सामाग्री खरिद र व्यवस्थापन गरी नदी नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन खाडो नदी नियन्त्रण आयोजनालाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णयः २

सबै स्थानीय तहले आ-आफ्नो क्षेत्रभर पर्ने नदीबाट हुने कटान डुवान र त्यस्तै प्रकृतिको कार्यलाई रोकथाम र व्यवस्थापनको लागि अत्यावश्यक सामाग्री व्यवस्था गर्ने निर्णय गरियो ।

निर्णयः ३

विपद् प्रभावितलाई उद्दार गर्न सबै निकायले तत्काल सूचना दिने गरी Focal Person लाई सक्रिय बनाउने ।

निर्णयः ४

विपद् प्रभावितलाई राहत र पुनः स्थापन गर्न सबै स्थानीय तहले एकद्वार प्रणाली प्रणाली अपनाई प्राथमिकताका आधारमा सेवा प्रभाव गर्ने ।

निर्णयः ५

विपदबाट सृजना हुने कटान डुवान उद्धार समस्याबाट नागरिकको जिउधन, सम्पत्ति, राजमार्ग र पुल लगायतका संरचनाको संरक्षण साझेदारी र सहकार्य गर्ने र सिंचाई आयोजनाहरुले जिल्लामा आउने नदीजन्य विपद् व्यवस्थापनमा सहकार्य गर्ने गराउने ।